वराहपोखरी गाउँपालिका
BARAHAPOKHARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
बाघखोरभन्ज्याङ, खोटाङ
BAGHKHOR BHANJYANG, KHOTANG
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.: २०८२।८३
च. नं.:

वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोर भञ्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल
२०७३

## धानको रोग किरा व्यवस्थापन सम्वन्धी जानकारी

### १.धानको मरुवा रोग - Blast

लक्षणः पातमा, आँख्लामा र अन्य भागमा लाम्चो दाग वा थोप्ला देखिन्छन्। आँख्ला आक्रमण भएमा सजिलै भाँचिन्छ । यस्तो अवस्थाको रोगीलाई घाँटीमा डढुवा (Neck blast) लागेको भनिन्छ





व्यवस्थापन : अवरोधक जातको धान लगाउने। संतुलित मल प्रयोग गर्ने (N.P.K.), सिफारिस गरेको भन्दा धेरै नाईट्रजन प्रयोग नगर्ने। नियमित अनुगमन गर्ने आद्रता र मौसममा आउने कमी संगै रोगको प्रकोप घट्छ। रोगनाशक विषादी (ट्राइसाइक्लाजोल १ ग्राम प्रति लिटरको दरले प्रयोग गर्ने १-२ मिली पानी वा कासुगा माइसिन १.२ मि.ली. । अवरोध जातको धान प्रयोग गर्ने सिंचाईको पानी रोग लागेको खेतबाट रोग नभएको ठाउंमा जान नदिने ।

### २. धानको खैरो थोप्ले रोग (Brown spot)

लक्षणः पात पहेलिनु, पातमा खैरो बा कॉसजस्तो रंग भएको थोप्ला हुनु। जरा खैरो हुनु ।



प.सं.: २०८२।८३
च. नं.:

**व्यवस्थापन** : रोग अवरोधक जात प्रयोग गर्ने। ५ किलो जिंक सल्फेट र २.५. किलो चुन १००० लिटर पानीमा प्रति हेक्टर छर्ने। प्रोपिनेव ७०% डब्लुपी ३ ग्राम प्रति लिटर पानीको दरले प्रयोग गर्ने।

### ३. सिथ व्लाइट (Sheath Blight)

**लक्षणः** लिफ सिथमा दाग हुनु । फेदमा वा लक्षणको ठाउँमा स्क्लेरोसिया (Sclerotia) बन्नु ।




**व्यवस्थापनः** अवरोधक जात प्रयोग गर्ने । सन्तुलित मलखाद (ना.फ.पो) राख्ने । बीउ उपचार । भेलिडामाइसीन ३९, एल. ३ ग्राम प्रतिलिटर पानी हेक्जाकोनाजोल ५ प्रतिशत एस सी २ मिलि प्रति लिटर पेन्साइकुरन २२.९ एस.सी. १.५ मि.लि. प्रति लिटर पानी ।

### ४. धानको खैरो फड्के (Rice Brown Plant Hopper )

**पहिचानः** वयस्क २.५-३.४ मि.मि. लामो खैरो शरीर । साना र ठूला पखेटाहरु हुने दुवै थरिका नगहिरएको निधार। मझौलो पिठ्यू खण्डमा ३ खैरा धर्साहरु पखेटाहरुमा मधुरा नसाहरु राता पहेंला आँखाहरु । शिशु फड्के : खैरो शरीर ।







प.सं.: २०८२।८३


च. नं.:

**क्षतिको लक्षणः** पानीको सतह लगतै माथिको डाँठको भागमा कालो ढुसी उम्रेका । होपर बर्न । राग्ड स्टण्ट र ग्रासी स्टण्ट बोटहरु ।

**रोकथामका उपायः** हरिया फड्केहरु नियन्त्रण गरे झैं। यस कीराको लागि स्प्रे गर्दा बोटहरुको फेद तर्फ उपचार गर्न विर्सन हुन्न। बेर्ना बाक्लो नरोप्ने। जथाभावी विषादि प्रयोग नगर्ने । एसीफेट ७५% एसी पी २ एम एल वा बुप्रोफजीन २५% ए सी १.५ एमएल वा फिप्रोनिल ५% १.५ एमएल प्रतिलिट पानीमा वा इमिडाल्करोपीड १ एम एल ४ लिटर पानीमा मिसाइ फेदमा पनि पर्ने गरि छर्ने ।

**(५) धानको पहेलो गवारो (Yellow rice borer)**

**पहिचानः** वयस्क पुतलीः पोथीका चम्किला पहेंला-खखैरा अघिल्ला पखेटाहरु प्रत्येकमा स्पष्ट देखिने कालो थोप्ला ।पेटका पुछारमा पहेंला रौहरुको गुच्छा। भाले पुतलीका फिक्का खैरा अघिल्ला पखेटाहरुको चुच्चो परेको ठाँउमा खैरा मसिना थोप्लाहरु। फिजिएका पखेटाहरुका नापः ३२ मि.मि. र शरीरको लम्बाइ:१३ मि.मि. ।लाभ्रे पहेंलो, सफा शरीर २० मि.मि. लामो ।









**क्षतिको लक्षणः** गुवो मरेको बोट। सेतो धानको बाला ।

**रोकथामका उपायः** धान रोपिसकेर १० देखि ४० दिनपछि बालीको निरीक्षण गर्ने। जमिनको सतह छुने गरी धान काट्ने। बीटी ३ ग्राम प्रति लि. छर्ने। बेर्नाको टुप्पो चुडाई रोप्ने । अण्डा परजिवी ट्राइकोग्रामा ५०००-१००० प्रति हे. छोड्ने। रोपिएको ४१ देखि ८० दिनपछि गुवाहरु मर्ने क्रम ५% नाघेमा र यस दौरान वितेका २ साताहरु बीच कीटनाशक विषादिको प्रयोग नभएको भए विषादिको उपचार गर्ने। १०% भन्दा बढी गवाहरु मरेका छन् भने ०.०५ % फेनिट्रोथायन, ०.०४% को डिमेबोयएट वा प्रति है. १५ किलो कार्वोफुरान खास बिषले धानका बोटहरुको उपचार गर्ने। कार्वोफ्युरान


वराहपोखरी गाउँपालिका
BARAHAPOKHARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
बाघखोरभन्ज्याङ, खोटाङ
BAGHKHOR BHANJYANG, KHOTANG
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.: २०८२।८३
च. नं.:

३ % सीजि वा काटापहाइक्लोराइड ४% गेडा विषदिको प्रयोग २५ केजी/हे. दरले प्रयोग हुदाँ खेतमा ५-८ से मी. पानी हुन् पर्छ र यो पानी ५ दिनसम्म कायम यम हुनु पर्छ ।

**(६) धानको गुलाबी गवारो (Pink borer )**

**पहिचानः** बयस्कः पुतली : फिक्का पहेंला खैरा अघिल्ला पखेटाहरु धर्साहरु फैलिएर पखेटाको टुप्पा सम्म पुगेका । बलिष्ट बनोट । सेता पछिल्ला पखेटाहरु । फिजिएका पखेटाहरुको नाप : ३३ मि.मि. । लाभ्रे सुन्तले सिर गुलाबी माथिल्लो शरीरको सतह र ३५ मि.मि. लामो ।



लाभ्रे



वयस्क

**क्षतिको लक्षणः** मरेका गुबाहरु । सेता धानका बालाहरु ।

**रोकथामका उपायः** धानका पहेंला गवारोहरु जस्तै ।

**७. धानको ढुङ्गे कीरा (Rice Gallmidge )**

**पहिचानः** वयस्क : मिज भिंगा ३-४ मि.मि. लामो, सानो लाम्खुट्टे माफिकको कीरा । मधुरो खैरो शरीर। पोथीको चम्किलो रातो पेट। लागने औसा समानको कैलो सेतो लाभ्रे । छिपिएको लाभै ३ मि.मि. लामो, सिर तर्फ चुच्चिएको र रातो शरीर ।





वयस्क

प.सं.: २०८२।८३
च. नं.:

**क्षतिको लक्षण:** विकसित हुँदो बोटमा गाँजाको ठाउँमा प्याज पातो विकृत रुप देखिनु । सेतो नली (silver shoot) / प्याजको नली (onion shoot) को रुप देखिने ।

**रोकथामका उपाय:** धानको बोटहरुसँग रहेका झारपातहरु र जंगली धानका बोटहरु निकाल्ने । धान काटिसके पछि जमिन जोत्ने । मुत्सुिन शुरु भइसकेपछि प्रकाशावधि संवेदनशील र प्रकाशावधि असंवेदनशील धानका जातहरुलाई क्रमश: ढीलो र छिटो रोप्ने । सकभर धान रोपाई प्रत्येक इलाकामा एकै पटक गर्ने। चाहिदो मात्राको नाइट्रोजन मल एकै पटक नराखी विभाजित मात्रामा पटक पटक गरी प्रयोग गर्ने। उपलब्ध भए ढुङ्ग्रे कीरा अवरोधक जातको धान रोप्ने। मसुली धानमा मध्यम स्तरको कीरा अवरोधक गुण छ । धानको खेतमा प्रति हे. कार्बोफुरान खास विष ०.५४।०.५% को फेनिट्रोथायन, बा डिमोथोएटले बोटको उपचार गर्ने। कार्बोसल्फान २५% इस १ मि.लि/लि पानीको दरले स्प्रे गर्ने ।

**८. धानको सेतो पिठ्यूँ फड्के (Rice White back plant hopper )**

**पहिचान:** वयस्क : कालो शरीरको माथिल्लो सतह । पखेटाहरुको अधार भएको ठाँउमा सेता पाता। साना र ठूला पखेटाहरु हुने दुवै थरिका । ३.५-४ मि.मि. लामो शरीर साँगुरिएको अनुहार । पारदर्शक पखेटाहरुमा काला नसाहरु। अघिल्लो भागमा कालो पाता । शिशु फड्के : फिक्का खैरा ।




**क्षतिको लक्षण:** पातको तल्ला सतह पहेंलो । पातहरुमा काला दुसीहरु । कम गौजहरुको संख्या । अविकसित बोटहरु ।


**रोकथामका उपाय:** धानको खैरो फड्के नियन्त्रण गरे झै।

वराहपोखरी गाउँपालिका
BARAHAPOKHARI RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
बाघखोरभन्ज्याङ, खोटाङ
BAGHKHOR BHANJYANG, KHOTANG
कोशी प्रदेश, नेपाल
KOSHI PROVINCE, NEPAL

प.सं.: २०८२।८३
च. नं.:

९. धानको पतेरो (Rice Gundhi Bug)

**पहिचानः** वयस्क : हरियो खैरो, सुलुत्त परको शरीर १७.५ मि.मि. लामो । पिठ्यूँमा काला धर्साहरु। एण्टिनाको अधार खण्ड गाढा खैरो रंगको । शिशु पतेरो : हरियो खैरो



**क्षतिका लक्षणः**स्याप्प परेका धानहरु । बाला सेतो हुनु। धानमा स्वभाविक रंग नहुनु । चामलमा पहेंलो परेको भाग धानको खोस्टामा अवस्थित लेमा र पालिया बीच कीराको स्टाइलेट सीथ ।

**रोकथामका उपायः** खेत र वरिपरिका ठाँउहरुमा घाँसे झारपात उम्रन नदिनु । प्रत्येक इलाकामा एकै पटक धान रोप्ने। छिटो र अबेला पाक्ने दुवै जातको ध्जको अघौटे रोपाई। बालामा दुध पसाउने बेलामा ०.०५% को मालायायन, फेनिट्रोथायन, ०.१% को कार्बराइल, फेनमलरेट ०.०३% वा सुर्तीको झोल-पानीले बोटमा विशेष गरेर धानका बालाहरुमा उपचार गर्ने । डर्टीट्रापको प्रयोग गर्ने ।

(नोटः अन्य कृषि सम्वन्धी जानकारीका लागि सम्बन्धित वडा कृषि प्राविधिक वा कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ)